सम्पूर्ण व्यवसायीहरु

# कर्मचारी पेन्सन बीमा तथा कर्मचारी स्वास्थ्य बीमा प्रणालीबारे जानकारी

## पेन्सन बीमा तथा स्वास्थ्य बीमाले सम्पूर्ण कर्मचारीहरूको जीवनयापनमा सहायता पुग्दछ।




## बीमा प्रक्रिया सम्बन्धी परामर्शको लागि नजिकको पेन्सन कार्यालयमा जानुहोस्

日本年金機構　検索

**जापान पेन्सन नियोगको होमपेज** https://www.nenkin.go.jp/

जापान पेन्सन नियोगले सार्वजनिक पेन्सन सञ्चालन कार्य जिम्मेवारी लिएको छ।

日本年金機構
Japan Pension Service

## बीमा गर्ने दायित्वबारे

निम्न कार्यस्थलहरूमा कर्मचारी पेन्सन बीमा तथा कर्मचारी स्वास्थ्य बीमा गर्नुपर्छ भनेर कानूनद्वारा तोकिएको छ। (अनिवार्य रूपमा बीमा गर्नुपर्ने कार्यस्थलहरू)

**सम्पूर्ण HOJIN कर्पोरेसनका कार्यस्थलहरू**

(1 वा सोभन्दा बढी बीमित भएका कार्यस्थलहरू)



**निजी कार्यस्थल**

(5 जना वा सोभन्दा बढी नियमित कर्मचारीहरूलाई रोजगार दिएको कार्यस्थलहरू)




※ HOJIN कर्पोरेसन भए तापनि शैक्षिक संस्थाका कार्यस्थलहरू चाहिँ "निजी विद्यालय शिक्षक, शिक्षिका तथा कर्मचारी आपसी सहायता प्रणाली"मा आबद्ध हुनु पर्नेछ।
※ 5 जना वा सोभन्दा बढी कर्मचारीहरू भएको निजी कार्यस्थल भए तापनि केही होटेल तथा रेस्टुरेन्टहरू, कृषि तथा वन व्यवसाय, मत्स्यपालन व्यवसाय, पशुपालन व्यवसाय, न्यायिक मामिला आदिका कार्यस्थलहरू भने अनिवार्य रूपमा आबद्ध हुनुपर्ने कार्यस्थलहरूमा पर्दैनन्।
अनिवार्य रूपमा आबद्ध हुनुपर्ने कार्यस्थलहरूमा नपर्ने कार्यस्थल भए तापनि निर्धारित सर्तहरू पूरा गरेको खण्डमा, कर्मचारी पेन्सन बीमा र कर्मचारी स्वास्थ्य बीमामा आबद्ध हुन सकिनेछ। (स्वेच्छाचारी आबद्ध कार्यस्थल)

## बीमित भन्नाले


कर्मचारी पेन्सन बीमा तथा कर्मचारी स्वास्थ्य बीमामा, कम्पनी (कार्यस्थल) एकाइ बीमामा आबद्ध हुनुपर्ने कार्यस्थल भई, सो कार्यस्थलद्वारा प्रयोग गरिने सम्पूर्ण व्यक्तिहरूलाई बीमित भनिन्छ।

※ सामान्यतया 70 वर्ष नपुगेसम्म कर्मचारी पेन्सन बीमामा आबद्ध हुन सकिन्छ।




## कर्मचारी पेन्सन बीमा तथा कर्मचारी स्वास्थ्य बीमाको आबद्ध आवश्यकताहरू

स्थायी कर्मचारी, कर्पोरेटको प्रतिनिधि, कार्यकारी आदि बीमित हुन्छन्। पार्ट-टाइमर र आरुबाइतो आदि भए पनि 1 हप्ताको तोकिएको काम गर्ने घण्टा सङ्ख्या तथा 1 महिनाको तोकिएको काम गर्ने दिन सङ्ख्या, सो कार्यस्थलमा त्यस्तै काम गरिरहेको स्थायी कर्मचारीको 4 भागको 3 भाग वा सोभन्दा बढी भएका व्यक्तिहरू बीमित हुन्छन्। साथै स्थायी कर्मचारीको 4 भागको 3 भाग भन्दा कम भए पनि 1 हप्ताको काम गर्ने घण्टा सङ्ख्या 20 घण्टा वा सोभन्दा बढी आदि निश्चित आवश्यकताहरू पूरा गरेका व्यक्तिहरू बीमित हुन्छन्।




## पेन्सन प्राप्त गर्ने व्यक्तिलाई काममा राखेको खण्डमा

70 वर्ष भन्दा कम उमेरका वृद्धावस्थाको कर्मचारी पेन्सन (विशेष भुक्तानी समावेश) प्राप्त गरिरहेको व्यक्तिलाई राखेको खण्डमा पनि आबद्ध आवश्यकताहरू पूरा गरेका व्यक्तिहरू बीमित हुन्छन्।
यस्तो अवस्थामा काम गरिरहेको अवधिमा प्राप्त हुने तलब, बोनस र पेन्सनबाट हिसाब गरिने 1 महिनाको कुल आय अनुसार वृद्धावस्थाको कर्मचारी पेन्सनको केही अंश वा सम्पूर्ण पेन्सन रकम रोक्का गरिन सक्छ।

## विदेशी नागरिकलाई काममा राखेको खण्डमा

आबद्ध आवश्यकताहरू पूरा गरेको व्यक्ति भएमा जुनसुकै राष्ट्रको नागरिकहरू पनि बीमित हुनेछन्।

## परीक्षण अवधिमा कम्पनी बीमाको रूपमा लिइने

कानुनी रूपमा रोजगार सम्झौता गरेको होस् वा नहोस् वा परीक्षण अवधिको व्यक्तिको मन्जुरी होस् वा नहोस्, आबद्ध आवश्यकताहरू पूरा गरेको व्यक्ति परीक्षण अवधिको सुरुदेखि नै बीमित हुनेछ।

# बीमा प्रक्रिया

कर्मचारी पेन्सन बीमा तथा कर्मचारी स्वास्थ्य बीमामा आबद्ध हुने बेला व्यापार सञ्चालकले आवेदन दिनुपर्नेछ।




कार्यस्थल आबद्ध हुने अवस्थामा

नयाँ लागु गर्न आवेदन



बीमितको रूपमा आबद्ध हुने अवस्थामा

बीमित योग्यता प्राप्ती आवेदन



बीमितको आश्रित पारिवारिक सदस्य भएको अवस्थामा

आश्रित पारिवारिक सदस्य (परिवर्तन) आवेदन

**※ आवेदन तरिकाबारे विस्तृत जानकारी वा आवश्यक कागजात आदिको लागि पेन्सन कार्यालयमा सम्पर्क गर्नुहोस्**

साथै, जापान पेन्सन नियोगको होमपेजबाट पनि आवेदन फारम डाउनलोड गर्न सकिन्छ। https://www.nenkin.go.jp/

# कर्मचारी पेन्सन बीमाको लाभहरू

कर्मचारी पेन्सन बीमा भनेको बीमित वृद्धवृद्धा भएको बेला, बीमित अपाङ्ग भएको स्थितिमा र बीमितको मृत्यु भएको बेला, भुक्तानी माग गरी, पेन्सन वा एक मुष्ट भत्ता रकम प्राप्त गर्न सक्ने प्रणाली हो।

## वृद्धवृद्धा भएको बेला <वृद्धावस्थाको कर्मचारी पेन्सन>

कर्मचारी पेन्सन बीमामा आबद्ध भएको व्यक्तिले निम्न सर्तहरू पूरा गरेको खण्डमा, सो व्यक्तिलाई वृद्धावस्था बेसिक पेन्सनमा वृद्धावस्थाको कर्मचारी पेन्सन थप गरी भुक्तानी गरिनेछ।

**① 65 वर्ष वा सोभन्दा बढी (60 वर्षदेखि प्राप्त गर्ने गरी, प्राप्त गर्ने उमेर घटाउन वा 66 वर्षदेखि प्राप्त गर्ने गरी, प्राप्त गर्ने उमेर बढाउन पनि सकिन्छ)**

**② 1 महिना वा सोभन्दा बढीको अवधि कर्मचारी पेन्सन बीमाको बीमित भएको हुनुपर्ने**

**③ वृद्धावस्था बेसिक पेन्सन प्राप्त गर्नको लागि आवश्यक योग्यता अवधि हुनुपर्ने**

साथै निम्न सर्तहरू पूरा गरेको व्यक्तिहरूले 60 वर्षदेखि 65 वर्षको अवधिमा वृद्धावस्थाको कर्मचारी पेन्सनको विशेष भुक्तानी प्राप्त गर्न सक्नेछन्। (जन्म मिति र लिङ्ग अनुसार भुक्तानी सुरु गरिने उमेर फरक हुन्छ।)

**① 60 वर्ष वा सोभन्दा बढी**

**② 1 वर्ष वा सोभन्दा बढीको अवधि कर्मचारी पेन्सन बीमाको बीमित भएको हुनुपर्ने**

**③ वृद्धावस्था बेसिक पेन्सन प्राप्त गर्नको लागि आवश्यक योग्यता अवधि हुनुपर्ने**

| 60 वर्ष | 65 वर्ष |
|---|---|
| वृद्धावस्थाको कर्मचारी पेन्सनको विशेष भुक्तानी | वृद्धावस्थाको कर्मचारी पेन्सन |
| | वृद्धावस्था बेसिक पेन्सन |

## अपाङ्ग भएको स्थितिमा <अपाङ्गता कर्मचारी पेन्सन>

कर्मचारी पेन्सन बीमामा आबद्ध भएको अवधिमा पहिलो जाँच मितिमा (पहिलो पटक अस्पतालमा जाँच गराएको मिति) कुनै रोग वा चोटपटकको कारण अपाङ्गता भएको अवस्थामा, सो स्थिति अनुसार लाभहरू प्राप्त गर्न सकिन्छ।

**※ निश्चित अनुपात वा सोभन्दा बढी बीमा शुल्क भुक्तानी गरेको अवधि आदि भएको हुनुपर्नेछ।**

| | |
|---|---|
| अपाङ्गता कर्मचारी पेन्सन<br>अपाङ्गता बेसिक पेन्सन | **अपाङ्गताको ग्रेड: ग्रेड 1~2**<br>अपाङ्गता कर्मचारी पेन्सन र अपाङ्गता बेसिक पेन्सन दुबै भुक्तानी गरिनेछ। |
| अपाङ्गता कर्मचारी पेन्सन | **अपाङ्गताको ग्रेड: ग्रेड 3**<br>अपाङ्गता कर्मचारी पेन्सन मात्र भुक्तानी गरिनेछ। |
| अपाङ्गता भत्ता | **अपाङ्गताको ग्रेड: ग्रेड 3 भन्दा हल्का अपाङ्गता**<br>एक मुष्ट भत्ता रकमको रूपमा अपाङ्गता भत्ता भुक्तानी गरिनेछ। |

## मृत्यु भएको बेला <सर्भाइभर्स (शोकसन्तप्त परिवार) कर्मचारी पेन्सन>

कर्मचारी पेन्सन बीमामा आबद्ध व्यक्तिको मृत्यु भएमा, (आबद्ध अवधिमा लागेको चोटपटक वा रोगले गर्दा पहिलो जाँच मितिदेखि 5 वर्ष भित्र मृत्यु भएको पनि समावेश), **सो व्यक्तिको कमाइले घर चलाइरहेको परिवारको सदस्य**लाई सर्भाइभर्स कर्मचारी पेन्सन भुक्तानी गरिन्छ।

**※ निश्चित अनुपात वा सोभन्दा बढी बीमा शुल्क भुक्तानी गरेको अवधि आदि भएको हुनुपर्नेछ।**

- मृत्यु भएको परिवारको सदस्यहरू मध्येको उच्च प्राथमिकता भएको व्यक्तिलाई सर्भाइभर्स कर्मचारी पेन्सन भुक्तानी गरिनेछ। (उमेर आदि सर्तहरू छन्।)

① पति वा पत्नी अथवा छोराछोरी → ② बाबु वा आमा → ③ नाती वा नातिनी → ④ बाजे वा बज्यै

- छोराछोरी भएको पति वा पत्नी अथवा छोराछोरीलाई सर्भाइभर्स बेसिक पेन्सन पनि सँगै भुक्तानी गरिनेछ। (उमेर आदि सर्तहरू छन्।)

| **छोराछोरी भएको पति वा पत्नी अथवा छोराछोरी** | **परिवारको अन्य सदस्य** |
|---|---|
| सर्भाइभर्स कर्मचारी पेन्सन | सर्भाइभर्स कर्मचारी पेन्सन |
| सर्भाइभर्स बेसिक पेन्सन | |

# कर्मचारी स्वास्थ्य बीमाको लाभहरू

कर्मचारी स्वास्थ्य बीमा भनेको बीमित वा बीमितको परिवार (आश्रित पारिवारिक सदस्यहरू) लाई रोग वा चोटपटक (काम गर्दा वा काममा आउने वा जाने गर्दा भएको दुर्घटना बाहेक) लागेको खण्डमा, आवेदन दिई चिकित्साको क्षतिपूर्ति, भत्ता आदि प्राप्त गर्न सक्ने प्रणाली हो।

| | | बीमित | आश्रित परिवारको सदस्यहरू |
|---|---|---|---|
| रोग चोटपटक | बीमित कार्डद्वारा उपचार गराएको बेला | कर्मचारी स्वास्थ्य बीमा प्रयोग गर्न सकिने स्वास्थ्य संस्थाको काउन्टरमा **आफूले बेहोर्नुपर्ने केही अंश (रकम) भुक्तानी गरेर** आवश्यक उपचार गराउन सकिन्छ। | |
| | महँगो उपचार खर्च लागेको बेला | स्वास्थ्य संस्थामा उपचार गराएको बेला, निश्चित रकम भन्दा बढी रकम आफूले बेहोर्नु परेमा, आफूले बेहोरेको बढी रकम **फिर्ता लिन सकिन्छ।** साथै प्रमाणपत्र लिएर काउन्टरमा बेहोर्नुपर्ने रकम घटाउन पनि सकिन्छ। | |
| | विदेशमा उपचार गराएको बेला | विदेश भ्रमण गरिरहेको बेला वा कामको सिलसिलामा विदेशमा भएको बेला, कारणवश उक्त स्थानको स्वास्थ्य संस्थामा स्वास्थ्य जाँच र उपचार गराएको बेला, जापानको चिकित्सा खर्चलाई आधार मानेर हिसाब गरिएको रकमको केही अंश फिर्ता लिन सकिन्छ। | |
| | रोग वा चोटपटक लागेर कामबाट बिदा लिएको बेला | तलब प्राप्त नहुने अवधिमा **बिरामी भत्ता** प्राप्त गर्न सकिन्छ। | |
| प्रसूति | प्रसूतिको बेला | गर्भधारण गरेको 4 महिना (85 दिन) वा सोभन्दा पछि सुत्केरी भएको बेला, **प्रसूति स्याहार एक मुष्ट भत्ता प्राप्त गर्न सकिन्छ।** | |
| | प्रसूतिको लागि कामबाट बिदा लिएको बेला | तलब प्राप्त नहुने अवधिमा **प्रसूति भत्ता** प्राप्त गर्न सकिन्छ। | |
| मृत्यु | मृत्यु भएको बेला | काम गर्दा वा काममा आउने वा जाने गर्दा भएको दुर्घटना बाहेक अन्य कारणले मृत्यु भएमा, **लास गाड्ने लाग्ने शुल्क (खर्च)** भुक्तानी गरिन्छ। | |

※ **कर्मचारी स्वास्थ्य बीमाको लाभहरू प्राप्त गर्नको लागि निश्चित आवश्यकताहरू पूरा गरेको हुनु पर्दछ।**

कर्मचारी स्वास्थ्य बीमाको लाभहरूको लागि आवेदन वा परामर्शको लागि जिल्लाको जापान स्वास्थ्य बीमा संघको शाखामा सम्पर्क गर्नुहोस्।

लाभहरूबारे विस्तृत विवरण र आवेदनपत्र वा प्रक्रिया गर्ने तरिका आदि सम्बन्धी जानकारी जापान स्वास्थ्य बीमा संघको होमपेज (https://www.kyoukaikenpo.or.jp/) मा राखिएको हुनाले कृपया हेर्नुहोस्।

# बीमा शुल्क हिसाब गर्ने तरिका

कर्मचारी पेन्सन बीमा तथा कर्मचारी स्वास्थ्य बीमाको शुल्क, बीमितले प्राप्त गर्ने पारिश्रमिकमा आधारित तोकिएको मानक मासिक पारिश्रमिक रकमलाई तलको बीमा शुल्कको अनुपातले गुणा गरी हिसाब गरिन्छ।
बोनस आदिको सन्दर्भमा, मानक बोनस रकमलाई मासिक बीमा शुल्क जति हुन्छ त्यति नै बीमा शुल्कको अनुपातले गुणा गरी हिसाब गरिन्छ।

■ मानक मासिक पारिश्रमिक रकम

○ कर्मचारी पेन्सन बीमा
ग्रेड 1 (88,000 येन)～ग्रेड 32 (650,000 येन)

○ जापान स्वास्थ्य बीमा संघद्वारा सञ्चालित कर्मचारी-स्वास्थ्य बीमा
ग्रेड 1 (58,000 येन)～ग्रेड 50 (1,390,000 येन)

■ मानक बोनस रकम

बोनस आदिको भुक्तानी रकमबाट 1,000 येन भन्दा कमको हिस्सा निकालिएको रकम

■ बीमा शुल्क अनुपात (बीमा शुल्क अनुपात यसपछिका दिनहरूमा परिवर्तन गरिन सक्छ।)

○ कर्मचारी पेन्सन बीमा
1000 भागको 183.00

○ जापान स्वास्थ्य बीमा संघद्वारा सञ्चालित कर्मचारी स्वास्थ्य बीमा
प्रत्येक जिल्ला अनुसार फरक-फरक तोकिएको छ। विस्तृत जानकारीको लागि, जिल्लाको जापान स्वास्थ्य बीमा संघको शाखामा सम्पर्क गर्नुहोस्।

○ बालबालिका तथा शिशु स्याहार अनुदान रकम
1000 भागको 3.6 (सम्पूर्ण रकम व्यापार सञ्चालकले बेहोर्नुपर्ने)

व्यापार सञ्चालक र बीमितले आधा-आधा बीमा शुल्क बेहोरी, व्यापार सञ्चालकद्वारा एक मुष्ट रूपमा पेन्सन कार्यालयमा भुक्तानी गरिन्छ।
बालबालिका तथा शिशु स्याहार अनुदान रकम भने शिशु भत्ता भुक्तानीमा आवश्यक खर्च आदिको एक अंशको रूपमा व्यापार सञ्चालकले सम्पूर्ण रकम बेहोर्नु पर्नेछ। (बीमितले बेहोर्नु पर्दैन।)
विस्तृत जानकारीको लागि पेन्सन कार्यालयमा गई परामर्श लिनुहोस्।

2108 1017 056